# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १८, अङ्क : ३७, २०७७ असार २८ गते आइतवार ( 12 July 2020 ), मूल्य रु. २०।-




पिपिइ, स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै जिल्ला समन्वय समिति डोल्पाका प्रमुख शेरबहादुर बुढा । माननिय पूर्वराज्य मन्त्री एवम् सांसद धनबहादुर बुढा र पर्यटन व्यवसायी जितेन्द्र झाँक्रीद्वारा जिल्ला अस्पताललाई उपलब्ध सहयोग ।

# मिर्गौला प्रत्यारोपनमा संलग्न पक्राउ

रासस

चितवन, असार - कलेज अफ मेडिकल साइन्सेज भरतपुरका प्रमुख कार्यकारी निर्देशकसहित चार जना पक्राउ परेका छन् । उनीहरूलाई नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोले आज साँझ पक्राउ गरेको हो ।

कलेजका निर्देशक मनोहर प्रधानका अनुसार एक वर्षअघि गरिएको मिर्गौला प्रत्यारोपणका विषयमा प्रमुख कार्यकारी निर्देशक डा. सुप्रभात श्रेष्ठ, डा बालकृष्ण कालाखेती, जिल्ला प्रशासन कार्यालय चितवनका प्रशासकीय अधिकृत रामचन्द्र ढकाल र कानूनी सल्लाहकार रमेश काफ्लेलाई सोधपुछका लागि ब्यूरोले नियन्त्रणमा लिएको छ । कलेजको मानव अङ्ग प्रत्यारोपण समितिमा पाँचजना सदस्य रहेका छन् ।

उहाँहरूबाहेक समितिका सदस्य सर्जन डा राकेश बर्मा भने आज फेला नपरेको प्रहरी स्रोतले जनाएको छ । प्रधानका अनुसार एक वर्षअघि काठमाडौँका एक पुरुषको मिर्गौला प्रत्यारोपणको विषयलाई लिएर उहाँहरूलाई अनुसन्धान गर्ने भन्दै नियन्त्रणमा लिइएको हो । प्रत्यारोपण भएका व्यक्ति नेपाली भएको र सरकारका सबै मापदण्ड पुरा गरेर प्रत्यारोपण गरिएको भए पनि के कति कारणले

....... .. .पेज नं. ८ मा

## कोरोना रोकथाम गर्न सहयोग

सुस्केरा समाचारदाता

डोल्पा, असार - नेपाल पत्रकार महासंघ डोल्पा शाखामा आवद्ध नेपाल पत्रकार महासंघका सदस्यहरुलाई समाचार संकलनको क्रममा कोभिड १९ संक्रमणको जोखिम नबडोस भनेर पत्रकारहरुका लागि मनघरी फाउन्डेशन नेपालले कोरोना विरुद्ध काम लाग्ने विभिन्न सामग्रीहरु नेपाल पत्रकार महासंघ डोल्पालाई एक कार्यक्रमका बिच हस्तान्तरण गरिएको छ ।

सामाजिक उत्तरदायित्व अन्तर्गत राष्ट्रिय बाँणिज्य बैंक दुनै शाखाले ठुलीभेरी नगरपालिका वडा नं. ३ मार्फत नगरपालिकालाई पिसिआर परिक्षणका लागि स्वाब संकलनमा प्रयोग गरिने भिटिएम किट हस्तान्तरण गरेको छ ।

....... .. .पेज नं. ८ मा

## हजार बढिको पिसिआर परीक्षण

मेनुका बुढा

डोल्पा, असार - विश्वभरि महामारिका रुपमा फैलिएको कोरना भाइरसले आक्रान्त पारेको छ । यो अबस्थामा विश्वभरिका मानिसहरु त्रसित भएका छन् । डोल्पा जिल्लाका विभिन्न स्थानका खतरामा काम गरेका, क्वारेन्टाइनमा बसेका र उच्च जोखिममा रहेका विभिन्न स्थानिय नागरिक ,डोल्पा जिल्लाको सुरक्षा कर्मिहरु, कर्मचारि, पत्रकार लगायतको स्वाव संकलन गरि पि सि आर परिक्षन गरिएको छ ।

डोल्पा जिल्लामा पि सि आर परिक्षनका लागि ३ सय २५ जना महिला, ७ सय ८२ जना पुरुष गरी जम्मा १ हजार १ सय ७ जनाको स्वाव संकलन गरि पि सि आर परिक्षण गरिएको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जनाएको छ । पिसिआर परिक्षण गरिएका १ हजार १ सय ७ जना मध्ये ३ जनाको रिपोट पोजेटिभ देखिएको जिप्रका डोल्पाले जानकारि दिएको छ। डोल्पा जिल्लामा दुइ जना सुरुक्षा कर्मिमा र मुड्केचुलागाँउपालिका

....... .. .पेज नं. ८ मा

## सम्पन्न नहुँदै भत्क्यो शौचालय

सुस्केरा समाचारदाता

डोल्पा, असार - कर्णाली प्रदेश सरकारद्वारा जिल्ला सदरमुकाम दुनैमा बनाउने गरी उपलब्ध गरेको सार्वजनि शौचालय जिल्ला खेलकुद विकास समितिको खेल मैदानमा बनेको मा उक्त २ कोठे शौचालय बनेको हप्ता नपुग्दै भत्केको छ ।

संघीय सरकारबाट विनियोजित बजेट प्रदेश सरकारले कार्यान्वयन गरेर १५ लाख बजेटबाट बनेको उक्त शौचालय हप्ता नपुग्दै भत्केको हो । पर्याप्त बजेट हुँदा हुँदै र सदरमुक दुनैमा सबैको आँखै अगाडि बनेका भौतिक संरचनाहरु यसरी बनेको हप्ता नपुग्दै भत्कनुमा जनप्रतिनिधि, प्राविधिक र बनाउने मिस्त्रीहरुको इमानदारिता र दक्षता प्रदर्शन भएको छ। यसमा सम्बन्धित निकायले खोजेर कमजोरी गनेलाई कारवाही गर्नु पर्ने आवज उठ्न थालेको छ ।

बनाउने जिम्मा लिएका कामदारहरुले आफूहरुलाई प्राविधिकहरुले जसरी बनाउन भने उसरी नै बनाएकाले आफूले गरेको पारिश्रमिक र सामग्रीको रकम पाउनु पर्ने दावी गरिरहेका छन् भने एक

....... .. .पेज नं. ८ मा

## डोल्पोबुद्धको बजेट २६ करोड

सुस्केरा समाचारदाता

डोल्पा, असार - माथिल्लो डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाको गाउँसभाले २५ करोड ९४ लाख १३ हजार ३० को बजेट पारित गरेको छ ।

समयमै गाउँसभा सुरु गरेर व्यापक छलफल गरेर विभिन्न नीति तथा कार्यक्रमका साथसाथै विनियोजित बजेट सर्वसम्मत रुपमा पास गरेको डोल्पाबुद्ध गाउँपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत ओखराम तारममगरले जानकारी दिनु भयो ।

उहाँका अनुसार शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार विकासका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ । यस क्षेत्रको प्रमुख स्रोत पर्यटन व्यवसाय भएकाले पर्यटन व्यवसाय प्रवर्धनका लागि समेत बजेटको व्यवस्था गरी पारित गरिएको जनाइएको छ ।

बजेट तथा कार्यक्रममा संघीय सरकारबाट प्राप्त हुने १६ करोड ९७ लाख २९ हजार ३०, प्रदेश सरकारबाट प्राप्त हुने २ करोड ९६ लाख ८४ हजार, आ.व. २०७६/०७७ को अल्या ३ करोड ५० लाख, सामाजिक सुर

....... .. .पेज नं. ८ मा

## डोल्पामा पुग्यो सलह : बालीनाली सखब बनाउदै

सुस्केरा समाचारदाता

डोल्पा, असार - डोल्पा जिल्लाका विभिन्न स्थानमा सलह किरा भित्रिएको छ । डोल्पा जिल्लाका विभिन्न स्थानीय तहहरुमा सलह किरा देखिएको कृषकहरुले बताएका छन् । जगदुल्ला गाँउपालिका, मुड्केचुला गाउँपालिका, त्रिपुरासुन्दरी नगरपालिका, ठुलीभेरी नगरपालिका लगायतका स्थानीय तहहरुका विभिन्न स्थानमा सलहले बालिनालि धेरै क्षेति गरेको कृषिकहरुले बताएका छन् । कृषकहरु आ आफ्नो खेतबारिमा गएर भाँडाकुडा बजाउने, धुवाँ लगाउने लगायतका उपायहरु अपनाउने गरेका छन् । भाँडाकुडा बजाउदा पनि सलह किरा नभागेर बाली नास गरेको जगदुल्ला गाँउपालिकाका कृषकहरुले बताएका हुन् ।

ठुलीभेरी नगरपालिका १० र ११ रह परिलामा हजारौंको संख्यामा सलह देखिएको छ । सलहले बालीनाली सखाप पारेको ठुलीभेरी नगरपालिका ११ रहका वडा अध्यक्ष लक्ष्मी कार्कीले जानकारी दिनु भयो । पानी पर्‍यो भने लुक्ने, घाम लाग्यो भने वाहिर निस्केर बाली खाने गरेको छ । पानी परेका कारण चिसो भएर होला सलह किरा थोरै कमजोर देखिएको छ ।

जगदुल्ला गाँउपालिकाको सबै गाँउ ,गाँउमा सलह किरा छयाप्छयप्ती देखिएको जगदुल्ला गाँपालिका वडा नं ५ का वडा अध्यक्ष भिमबहादुर बोहोरा ले जानकारि दिनु भयो । यो सलह लाखौको संख्यामा देखिएको

....... .. .पेज नं. ८ मा

मिर्गौला प्रत्यारोपन ............

नियन्त्रणमा लिइएको हो भन्ने प्रष्ट नभएको बताउनुभयो । हालसम्म सो मेडिकल कलेजले चार जनाको मृगौला प्रत्यारोपण गरेको जनाएको छ ।

सम्पन्न नहुँदै .... . ........

ातिर यसरी काम राम्रोसँग सम्पन्न नहुँदै भत्कने विकास गर्ने जो कोही होस् रकम भूक्तानी गर्न नहुने दवाब बढेको छ ।

संघबाट प्रदेश हुँदै वडा पालिकाले निर्माण उपभोक्ता समिति गठन गराएर काम अघि बढाएको १५ लाखको शौचालय भवन निर्माण गर्न औलेललाई १० लाखमा ठेक्का दिइएको भन्ने कुरा वाहिर आएको छ । ठेक्का लिने नरु मल्लले आफूलाई प्राविधिकले जसो गर भने उसै गरेकाले आफूले प्रयोग गरेको निर्माण सामग्रीको र ज्यामी ज्याला सबै को रकम भूक्तानी पाउनु पर्ने बताएका छन् । उनका अनुसार शौचालयको करिव ९० प्रतिशत काम सकिएको थियो । रंगरोगन गर्न, ढोका र भेन्टीलेशनका पल्ला जाली ठोक्न लगायतका केही मात्र काम बाँकी थियो । कार्यमूल्याङ्कन तयार गरेर भूक्तानी लिने तयारी भैरहेको थियो । डिभिजन वन कार्यालय मार्फत प्राविधिक कार्य भैरहेको थियो ।

कोरोना रोकथाम ............

नेपाल पत्रकार महासंघ मार्फत डोल्पाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य एवम् पूर्व राज्यमन्त्री धनबहादुर बुढा र एक्सफोलोर डोल्पाको संयुक्त सहयोगमा जिल्ला अस्पताल डोल्पालाई विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो ।

डोल्पामा रहेर कोभिड १९ को जोखिम मोलेर पत्रकारिता गरिरहेका पत्रकारहरुका लागि मनघरी फाउन्डेशन नेपालद्धारा माक्स १५ थान, प्रेस झ्याकेट १४ थान र ह्याण्ड सेनिटाइजर १५ थान स्वास्थ्य सामग्री मनघरी फाउन्डेशन नेपालका तर्फबाट समाजसेवी लक्ष्मीकान्त उपाध्यायले नेपाल पत्रकार महासंघ डोल्पाका अध्यक्ष बबीकिशोर गुरुडलाई हस्तान्तरण गर्नु भएको थियो । भने माननीय सांसद एवम् पूर्व राज्यमन्त्री धनबहादुर बुढा र एक्फोलोर डोल्पाको तर्फबाट नेपाल पत्रकार महासंघ मार्फत जिल्ला अस्पताल डोल्पालाई उपलब्ध गराइएका २२ थान पिपिइ सेट, १२ थान फेसशील र माक्स ५ थान नेपाल पत्रकार महासंघ डोल्पाका अध्यक्ष बबीकिशोर गुरुङले जिल्ला अस्पताल डोल्पाका अध्यक्ष तेजेन्द्रबहादुर रोकाया र डाक्टर सिजन रावललाई हस्तान्तरण गर्नु भएको थियो ।

हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति डोल्पाका प्रमुख शेरबहादुर बुढाले पत्रकारहरुले कोरोनाको उच्च जोखिम मोलेर काम गरिरहेकोमा मनघरी फाउन्डेशनले विभिन्न स्वास्थ्य सामग्री पठाएकोमा धन्यवाद दिदै यसको प्रयोग गरेर आफू सुरक्षित रहदै समुदायमा रहेका विभिन्न साँचा खबरहरुलाई देश विदेशमा पुर्याउन आग्रह गर्नु भयो । पत्रकारहरुले सत्यतथ्य रुपमा समाचार लेख्नु पर्ने पनि बताउनु भयो । यदाकदा पत्रकारहरुका कलम कतै चिप्लिन लागेका हुनकी भन्ने प्रश्न गर्दै त्यसो नहुनेमा आशावादी भएको बताउदै साँचो पत्रकारिता गने पत्रकारहरुलाई आफ्नो सधै सहयोग रहने बताउनु भयो । माननीय पूर्वराज्यमन्त्री धनबहादुर बुढा लगायतले जिल्ला अस्पताल डोल्पालाई उपलब्ध गराइएको स्वास्थ्य सामग्रीले जो खिममा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई कोभिड १९ बाट बच्न सहयोग मिल्ने बताउनु भयो साथै कोरोनासँग लड्न सबैको हातेमालो आवश्यक रहेको पनि बताउनु भएको थियो ।

स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रम नेपाल पत्रकार महासंघ डोल्पा शाखाको कार्यालयमा आयोजना गरिएको थियो । कार्यक्रमको अध्यक्षता नेपाल पत्रकार महासंघ डोल्पाका अध्यक्ष बबीकिशोर गुरुडले गर्नु भएको थियो । कार्यक्रमको संचालन नेपाल पत्रकार महासंघ डोल्पाका सचिव रुपलाल वोहोराले गर्नु भएको थियो । कार्यक्रममा नागरिक समाजका प्रतिनिधि सुरेन्द्र ढकाल र पत्रकारहरुको उपस्थिति रहेको थियो ।

राष्ट्रिय बाणिज्य बैंक डोल्पाद्धारा ठुलिभेरि नगरपालिकालाई पिसिआर किट सहयोग स्वरुप उपलब्ध गरेको छ । विश्वव्यपि महामारीका रुपमा फैलिएको कोरोना भाइरस रोकथामको लागि सामाजिक उत्तर दायित्वा अन्तरगत राष्ट्रिय बाणिज्य बैंक दुनै डोल्पा शाखाले पि सि आर परिक्षणका लागि स्वाब संकलन गर्दा आबश्यक पर्ने भि टि यम किट ८० थान हस्तानतरण गरेको छ । कोरना भाइरस रोकथामका लागि पिसिआर परीक्षण गरी रोग एकिन गर्नका लागि पिसिआर परीक्षणका लागि स्वाब संकलन गर्दा नभैनहुने भिटिएम किट उपलब्ध गराउदा नगर पालिकालाई सजिलो हुने भएको छ । बाणिज्य बैंक दुनै डोल्पा शाखाले डोल्पाको ठुलिभेरि नगरपालिका वडा नं ३ दुनै का वडा अध्यक्ष अर्णबहादुर न्यैपाने मार्फतलाई शुक्रबार वडा कार्यलयमा एक कार्यक्रम गरि पि सि आर परिक्षनको लागि आवश्यक पर्ने भिटिम किट बुझाएको हो ।

डोल्पा जिललामा कोरना भाइरसकनो संख्य बड्दै गएको छ ।यो कोरना भाइरसको संख्य बड्दै गएको हुनाले यस्तो अबस्थामा को भिट १९ को रोकथामको लागि के हि सहयोग मिलोस भनेर सामाजिक उत्तर दायित्वा अन्तरगत ठुलिभेरि नगरपालिका वडा नं ३ दुनैलाई किट सहयोग गरेको राष्ट्रिय बानिज्य बैंक डोल्पा शाखाका प्रमुख चुडामनि केसिले जानकारि दिनु भयो ।यो महामारि को समयमा पि सि आर परिक्षनको लागि सहयोग गरेको भन्दै राष्ट्रिय बानिज्य बैंक डोल्पालाई वडा नं ३ का वडा अध्यक्ष अर्न बहादुर न्र्यपानेले धन्यबाद दिनु भएको छ ।

डोल्पा जिल्लामा हाल सम्म कोरना संक्रमितको संख्य ३ पुगेको छ कोरना संक्रमन दुइजना सदमुकाम दुनै र एक जना मुड्केचुला गाँउपालिका त्रिवेनिको आसोलेसनमा राखि उपचार भइरहेको छ ।

दुइ जना सुरक्ष कर्मि र एक जना मुड्केचुलाका स्थानिय युवामा पि सि आर परिक्षनमा पोजेटिभ देखिएको थियो ।सबैको स्वास्थ्य अबस्था सामान्य रहेको जनाएको छ ।

स्थानीय तहहरुका ...... . .......

छ । धेरै जसो कोदो ,सिमी,मकै ,हरियो सागपातहरु झनै सखाप पारेको जगुदुल्ला गाँउपालिकाका वडा ५ का वडाअध्यक्ष बहोहोराले भन्नु भयो । सलह किराले खेतबारिको बालिनालि सखाप पर्ने हुनाले भोकमरी पने भयो भनेर कृषकहरुमा चिन्ता बढेको छ । त्यसैगरि मुड्केचुला गाँउपालिकाकै विभिन्न स्थानमा पनि सलह किरा को विग विगि बढेकाले सलह किरालाई लखेटेर धपाउन लागेका छन् । सलह डोल्पा भित्रि सकेका कारण यसबाट बालीनाली बचाउन मुस्किल हुन्छ । सकेसम्म बालीमा बस्न नदिने उपयहरु अपनाउन कृषि विकास कार्यालय डोल्पा र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ स्याउ जोन डोल्पाले आग्रहग गरेका छन् ।

डोल्पोबुद्धको ....... . .......

क्षा भत्ता वापत आउने १ करोड ४० लाख र आन्तरिक आम्दानी अनुमानित १० लाख गरी जम्मा २५ करोड ९४ लाख १३ हजार ३० रुपैयाको बजेट सहित नीति कार्यक्रम तथा बजेट पास गरिएको उक्त गाउँपालिकाले जनाएको छ ।

हजार बढिको . ... ........

का एक जना युवकमा सहित गरि ४ जनामा कोरना पोजेटिभ देखिएको छ उनिहरुको अबस्था सामान्य रहेको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जनाएको छ । आज नयाँ डोल्पा जिललामा महिला पुरुष गरि जम्मा ३३ जनाको स्वाव संकलन गरिएको छ । उनीहरुको पिसिआर परिक्षणका लागि पठाइएको जिल्ला प्रशासन कार्यालय डोल्पाले जानकारी दिएको छ ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : लेखबहादुर बुढा
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : धनबहादुर बुढा
लालिमान बुढा
सुरेन्द्र ढकाल
नन्दसिंह बुढा
प्रमुख संवाददाता : रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# असारे विकास र कमाई

असारे विकासले केही पदिय व्यक्तिहरुको कमाई बढाउने गरेको धेरैको मुखबाट सुन्न सकिन्छ। आफूले केही प्रतिक्रिया नदेखाईकन केही मानिसहरुको झुण्ड भएको ठाँउमा गएर बसेर सुन्नुस्। असारे विकास र त्यसबाट कुन कुन पदका को कस्ता व्यक्तिहरुले कमाउछन् भन्ने प्रष्ट सुन्न र बुझ्न पाइन्छ।

हाम्रा वरिपरि जुन प्रकारको वातावरण विकास भैरहेको छ। त्यसले सच्चा मानिसको हृदय निकै झल्ने गर्दछ। जतातते अप्राकृतिक कमाई तथा सजिलै कमाई गर्नेहरुको स्तर वृद्धि भैरहेको देखिन्छ। यसले हाम्रो समाजको भोलीको अवस्था सहजै के अनुमान गर्न सकिन्छ भने मान्छेले कमिशन खाना पाएन भने आफ्नो बारीमा खेति गर्न पनि छोडिदिन्छन् की भन्ने लाग्न थालेको छ।

सबै भन्दा खराब कुरा त के देख्न पाइदो रहेछ भने असारमा जो जो ले धान रोपेका छैनन् ती ती को भकारीमा कात्तिकमा धान भरिने र जो जो ले धान खेति गरे तीनिहरुको भकारी खाली हुने वातावरणले त झनै ताजुब लाग्ने वातावरण बन्दो रहेछ। यसरी हेर्दा खानेबेला भकारीमा धान भरिन्छ भने कस्ले खेति गर्छ। हामी सबै विचार गरौं त ? यसमा कसैको पनि दुइमत छैन होला।

सच्चा मानिसले पेशा व्यवसाय तथा काम गरेर श्रम गरे अनुसारको पारिश्रमिक पाएका छैनन्। काम गरे अनुसारको श्रमको मोल नपाउँदा परिश्रममा विश्वास गर्नेहरुको विश्वास टुट्लाकी भन्ने डर पसेको छ। तर उता परिश्रम नगरिकन भकारी भर्नेहरु, खुट्टा हल्लाएर मोज गने हरुले उल्टै परिश्रम गर्नेहरुलाई पाताल धसाउने प्रयास गरिरहेका छन्। हाम्रा जनप्रतिनिधिहरु, कर्मचारीहरु, नेता तथा कार्यकर्ताहरु सबैको सहयोग ती परिश्रम नगरिकन खानेहरुलाई सहयोगी बन्दै गरेको वातावरण हामीले प्रस्ट देखेका छौं।

यतिबेला वास्तवमा भन्नु पर्दा गाउँका उपभोक्ताहरुदेखि लिएर स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा रहेका विभिन्न तह र तप्काका जनप्रतिनिधिहरु प्रति, विभिन्न तहका कार्यालय प्रमुख र मुख्य गरी योजनाको सुरुमा लागत इस्टिमेट गर्ने देखि लिएर मूल्याङ्कन गर्ने सम्मको काम गर्ने प्राविधिहरु प्रति विस्तारै जनताको मन भाचिदै गएको हामी पाउँछौं। उनीहरुको उपमा जनताका मनमा कमाउने स्तर भनेर छाप पर्न थालेको छ। यसले राम्रो सन्देश दिएको छैन।

आफू कुनै पनि योजना निर्माणमा संलग्न रहेको छ। आफू बदमासी गर्छ, राम्रो काम गर्दैन, आफू संलग्न काममा पारदर्शीताको नाम उल्लेख गर्न चाहदैन, पदिय दुरुपयोग गरेर अरुबाट झार्ने र आफ्नो दुनो सोज्याउने गर्छन्। तीनैहरु बाटो, होटेल, पसल, कार्यालय, चौतारीहरुमा बसेर पारदर्शीताका, जवाफदेहिताका, इमानदारिताका, भ्रष्टाचार न्यूनिकरणका गफ चुटिरहेको हुन्छ। त्यहाँ उसले सर्वसाधारणहरुलाई भ्रममा पारेर आफू सच्चा हुँ भन्ने छाप पार्न खोजि रहेको देखिन्छ। हामीले डोल्पामा त झनै देखि रहेका छौं। वाहिर आदर्शका कुरा गरेको देख्छौं, तीनैले ब्रम्हलुट गरिरहेको अवस्था देख्दा साह्रै चित्त दुख्ने गरेको छ। हाम्रो डोल्पामा दुधको साक्षी विरालो भने जस्तै छ। होसियार बेइमान र भ्रष्टहरु।

## एउटी सुन्दर परी

अम्बिका न्यौपाने
रातोपाटी

सुन्दर थिइन् उनी अति सुन्दर,
रुपकी रानी,
थोरै शृङ्गारले पनि उनी
जगमगाएको देख्छु
मुसुक्क हाँस्छिन् उनी
उनको मुस्कानको त्यो जादु
हराएको देख्छु
एउटी सुन्दर परी सुस्ताएको देख्छु
उनको मोहनी नजर अस्ताएको देख्छु
हिजोसम्म उनको मुस्कानले जगमगाउने
त्यो अनुहार
आज ओइलाएको देख्छु
थपिएको छ काधमा अझै बोझ एउटा
त्यसैले उनलाई उदास उदास देख्छु
संसारसँग लड्ने सहास छँदैछ उनमा
तर अनाहकमा पाएको चोटसँग बर्बराएको देख्छु
एउटी सुन्दर परी सुस्ताएको देख्छु
उनको मोहनी नजर अस्ताएको देख्छु
उनलाई मनपर्ने रातो रङ्गबिना,
ऐना हेर्न पनि
हिचकिचाएको देख्छु
कहीँ कतै झुक्किएर नजर परिहाले पनि
आफैसँग उनी डराएको देख्छु
बोलाए कसैले उनलाई भने
एकै शब्दमा कुरा टुङ्ग्याएको देख्छु
सानो छँदा आमाले लागाइदिएको
टिकी र चुरासँग
आगाध सामीप्यता देख्छु
सधैं रातै मनपराउने उनी
निला र हरिया रङ्ग नसुहाएको देख्छु
उनका भरिएका नजरलाई
मुस्कानको आडमा लुकाएको देख्छु
एउटी सुन्दर परी सुस्ताएको देख्छु
उनको मोहनी नजर अस्ताएको देख्छु।

## सत्य

सङ्गीता मिश्र

म निकै हिँडिसके
समयको चट्टानी परतमा
सत्यको उत्खनन गर्न
म कैयौंपटक लडेकी छु
खाडलमा
जहाँ सत्य आत्मसन्तुष्ट भएर बसेको छ
र उद्धारित हुन चाहँदैन
किनभने धरती उसका लागि तुच्छ हो रे।
म धेरै पटक खसेकी छु
अनन्त गहिराइमा
र मृत्युलाई तिरस्कार गर्दै
आफ्नै बुँतामा उठेकी पनि छु।
समय बितिसक्यो तर म
अझै लागिपरेकी छु।
एकपटक फेरि
आफ्नो मूलको खोजी गर्नेछु
म उठेर फेरि हिँड्नुपूर्व
केही प्रश्नहरू बेसिल्सिलेवर आउने होलान्
तोपको मुखमा बसेर
काम्नेछन् मेरा शब्दहरू
मेरो मौनता केही क्षणका लागि प्रतिध्वनित हुनेछ

# राखेप सदस्य सचिवमा ढकाल

सुसेरा समाचारदाता

काठमाडौं, असार - युवा तथा खेलकुद मन्त्रालयले मन्त्रालयअन्तर्गतकै खेलकुद विकास महाशाखाका प्रमुख भक्तबहादुर ढकाललाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सदस्य-सचिवको जिम्मेवारी दिएको छ। असार २१ गतेको मन्त्रीस्तरीय निर्णयानुसार ढकाललाई सदस्य-सचिवको जिम्मेवारी दिइएको हो ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १७ को उपदफा (१२) बमोजिम अर्को व्यवस्था नभएसम्म तत्कालका लागि राखेपको सदस्य-सचिवले गर्ने कार्य गर्नेगरी जिम्मेवारी दिइएको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ । सुखेत निवासी ५७ वर्षीय ढकाल करिब एक महिनाअघि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सरुवा भई खेलकुद मन्त्रालयमा आउनुभएको हो । राखेपका विभागीय प्रमुख कुलबहादुर थापाले सदस्य-सचिव ढकाललाई बधाई दिनुभयो ।

नयाँ खेलकुद विकास ऐन गत बिहीबारबाट लागू भएपछि राखेपको सदस्य सचिव पद रिक्त रहेको थियो । खेलकद विकास ऐन २०४८ निष्कृय भएपछि राखेपका सदस्य सचिव रमेश सिलवाल, राखेप उपाध्यक्ष पिताम्बर तिम्सिनासहित बोर्ड सदस्यको कार्यकाल समाप्त भएको थियो । अब जिल्ला खेलकुदु विकास समिति पुरा हुने बाटो पनि खुलेको छ ।

# सहकारी फोर्स मर्जरका कुरा

सुस्केरा समाचारदाता

काठमाडौं, असार - अहिले मुलुकमा लगभग ३५ हजार जति सहकारी छन् । तीमध्ये १४ हजार बचत तथा ऋण सहकारी छन् भने बाँकी २०-२१ हजार अन्य विषयगत सहकारी छन् । सङ्ख्यात्मक रूपमा रहेका करिब १४ हजार बचत तथा ऋण सहकारी भए पनि बाँकी रहेका अन्य विषयगत सहकारीहरुले समेत यतिखेर बचत तथा ऋणकै काम गरिरहेका छन् ।

सहकारी विभागका अनुसार झण्डै १५ किसिमका विषयगत सहकारी छन् । तर कारोबारका हिसाबले भने सबै जसो सहकारी बचत तथा ऋणमा नै केन्द्रित छन् । सहकारीमा तीव्रतर आर्थिक कारोबारसँग वित्तीय जोखिम उत्तिकै बढेर गएको छ। कुन सहकारी केकसरी आर्थिक कारोबार गरिरहेको छ ? वित्तीय अनुशासनमा रहेर कारोबार सञ्चालन गरिरहेको छ छैन भन्ने जानकारी नहुँदा सहकारीमा विकृति मौलाएको छ । यो हिसाबले सहकारीभित्रको विकृति राज्यको नियन्त्रणबाहिर गएको छ । यसलाई एउटै मात्र नियामक निकाय सहकारी विभागले समेत नियमन गर्न सकेकै छैन । त्यसो त १४ हजारको हारहारीमा रहेको सहरकारीलाई एउटै नियामक निकायले कसरी नियन्त्रण गर्न सकोस् र ?

एक त सहकारीको सङ्ख्यात्मक वृद्धि, अर्को उच्चतम वित्तीय कारोबार हुने गरेको छ तर त्यसमा सहकारी विभागको समेत नियन्त्रणमा नहुँदा सहकारी क्षेत्र झन्झन् विकृतिमा फसिरहको देखिन्छ । यसले गर्दा अहिले कैयौं सर्वसाधारण सहकारीबाट ठगिने गरिरहेकै छन् । अब यसलाई नियन्त्रण गर्न सहकारीको सुधार हुनु आवश्यक छ। यिनै तमाम समस्याका बीच यतिखेर सहकारीमा मर्जरको प्रसङ्ग जोडतोडले उठ्न थालेको छ । सहकारीको सङ्ख्यात्मक वृद्धि, विकृति र विसङ्गतिलाई नियन्त्रण गर्न अब सहकारी मर्जरमा जानुपर्ने आवाज उठेका छन् । यसमा अटेर गर्नेहरुलाई अब बैङ्कलाई जसरी फोर्स (दबाब) दिएर भए पनि मर्जरमा लैजानुपर्ने आवाज उठ्न थालेको छ। त्यसो त सरकारले चालू आर्थिक वर्ष २०७७र७८ को बजेटमा नै मर्जरको व्यवस्था गरेर सहकारी मर्जरमा जान प्रोत्साहन गर्ने नीति लिएको छ ।

'तुलनात्मक रूपमा हाम्रोमा सहकारीको सङ्ख्या अधिक छ। त्यसमा पनि अधिकांश सहकारी बचत तथा ऋणको कोरोबारमा मात्र केन्द्रित छन् । यसले उत्पादन र रोजगारी कसरी सिर्जना गर्न सक्छ ? संस्थाको कर्मचारीलाई मात्र होइन सहकारीले उचित क्षेत्रमा लगानी गरेर रोजगारी सिर्जन गर्नुपर्छ। सहकारीले प्रतिफल दिनुपर्छ । तर त्यसो हुन सकिरहेको छैन ।' भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा कुमारी आर्यालेभनिन्, 'अब सहकारीमा मर्जरको आवश्यकता छ । त्यसैले सरकारले सहकारी मर्जरको विषय अघि बढाएको छ।' विश्व सहकारी दिवसका अवसरमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री पद्मा कुमारी आर्यालले यस्तो बताएकी हुन् । सो क्रममा मन्त्री अर्यालले आजभोलि सहकारीहरुले आफ्नो बाटो बिराएको जिकिर गरेकी थिइन् । यसलाई नियन्त्रण गर्न पनि अब सहकारीको सङ्ख्या घटाउनुपर्नेमा उनको जोड थियो । यता सहकारी विभागले भने सरकारको नीति अनुरूप विभागले संस्था मर्जरको





बालबालिकाको खेलौना जस्तै बनाउदै गर्दा भत्कने विकास ।

# एक घर एक नयाँ रोजगार बनाऔं

सुस्केरा समाचारदाता

स्याङ्जा, असार - भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको आर्थिक सहयोगमा स्याङ्जा जिल्लाका विभिन्न सहकारी संस्थामार्फत सीपमूलक, व्यवसायिक एवं उद्यमी तालिम र कार्यक्रम सम्पन्न गरिएका छन् ।

मन्त्रालयले स्याङ्जा जिल्लाका विभिन्न १४ वटा सहकारी संस्थालाई उपलब्ध गराएको एक करोड अनुदानबाट ती सहकारी संस्थाहरुले १५ वटा सीपमूलक, व्यवसायिक उद्यमी तालिम तथा कार्यक्रम सम्पन्न गरिएका हुन् ।

त्यस अवसरमा अचार बनाउने, च्याउ खेती गर्ने, ढाँका बुन्ने, मौरीपालन लगायतका उद्यमशिलता तालिमहरु सम्पन्न गरिएका हुन् । मौरीका घार लगायत उद्यमी बन्नका लागि आवश्यक उपकरणहरु समेत त्यस अवसरमा उपलब्ध गराइएको थियो । भुमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले भिडियो संवादमार्फत कार्यक्रमको सफलताको कामना गर्नु भएको थियो ।

त्यस अवसरमा मन्त्री अर्यालले बर्तमान परिस्थिति र जिम्मेवारीको कारणले उक्त कार्यक्रमहरुमा भौतिक रुपमा उपस्थित हुन नसकेता पनि भिडियोमार्फत सम्बोधन गरेकी थिइन् ।

'समृद्ध नेपाल(सुखी नेपाली'को लक्ष्य भेट्नका निम्ती यस्ता कार्यक्रम निरन्तर रहन जरुरी रहेको त्यस अवसरमा मन्त्री अर्यालले बताउनु भयो ।

हरेक व्यक्तिलाई सीप सिकाउदै आत्मनिर्भर तथा व्यवसायमूखी बनाउन जरुरी रहेको भन्दै मन्त्री अर्यालले अब गाउँमा नै आर्थिक सम्भावनाको खोजी गर्नुपर्ने बताउनु भयो ।

'गाउँमा उत्पादन बृद्धी गरेर रोजगारी सिर्जना गर्दै अगाडी बढ्नुपर्ने आजको आवश्यकता रहेको छ ।

## सामान्य ज्ञान ३७

यस सामान्य ज्ञानले मानसिक कसरत गराएर सबैलाई स्वस्थ बनउनुका साथै नयाँ जानकारी दिनेछ भन्ने आशा राख्दै सबैलाई अध्ययनका लागि अनुरोध गर्दछौं । यस सामान्य ज्ञानका लागि प्रश्न र उत्तर पठायन सक्नुहुनेछ । यहाँको प्रश्न उत्तरलाई उचित स्थान दिइने छ ।

१. चलचित्र क्याराभान कुन भाषामा निर्माण गरिएको छ ?
२. चलचित्र क्याराभानका प्रमुख पात्रको नाम के हो ?
३. चलचित्र क्याराभानको निर्देशन तथा निर्माण कसले गरेका थिए ?
४. श्रीकृष्ण श्रेष्ठको अन्तिम चलचित्र कुन् हो ?
५. भजनशिरोमणि भक्तराज आचार्यको जीवनीमा आधारित चलचित्रको नाम के हो ?
६. सर्वप्रथम नेपालमा बनेको चलचित्र घर कुन हो ?
७. भीसीडीमा आएको पहिलो नेपाली चलचित्र कुन हो ?
८. विश्वमा सबैभन्दा पहिले बनेको बोल्ने फिल्म कुन हो ?
९. सिनेमाको आविष्कार गर्ने श्रेय कसलाई छ ?
१०.नेपाली भाषामा निर्मित पहिलो टेलिचलचित्र कुन हो ?

*उत्तर :*

१. डोल्पो भाषा, २ थिन्ले, ३. फ्रेन्च निर्देशक एरिक भेली, ४. कोहिनुर, ५. आचार्य, ६. मदन जनसेवा सिनेमा हल, ७. लोभीपापी
८. जर्ज सिंगार, ९. थोमस एल्वा एडिसन, १०. यस्तै हुन्छ

# रणनीतिक र रचनात्मक मौद्रिक नीति

- डा. गोविन्दबहादुर थापा

यतिखेर आगामी आर्थिक वर्षका निमित्त मौद्रिक नीतिको तर्जुमा गर्ने काम धमाधम भइरहेको छ। यो मौद्रिक नीतिमाथि अर्थतन्त्रलाई माथि उकास्न नयाँनयाँ मौद्रिक उपाय प्रस्ताव गर्नुको सट्टा कोभिड १९ ले गत चार महिनादेखि थला पारेको अर्थतन्त्रलाई मलमपट्टी लगाउने जिम्मेवारी छ। नेपाल राष्ट्र बैङ्कले बन्दाबन्दीका कारण मर्का पारेका निजीक्षेत्रका आर्थिक गतिविधिलाई गत २०७६ चैत १६ गते नै केही राहतको घोषणा गरिसकेको छ। त्यसमा मुख्य रूपमा चैत मसान्तमा तिर्नुपर्ने किस्ता असार मसान्तमा तिरे हुने, त्यसको ब्याजमा १० प्रतिशत छुट दिने लगायतका कुरा परेका छन्। बन्दाबन्दी लम्बिँदै गएको र असार १ गतेदेखि खुकुलो पारिँदा पनि सञ्चालनमा आउन नसकेका सार्वजनिक यातायात (हवाई सेवासमेत), पर्यटन व्यवसाय, होटल रेस्टुँरा, चलचित्र हल, पार्टी प्यालेस आदिका सम्बन्धमा मौद्रिक नीतिले थप राहतको व्यवस्था गर्नुपर्दछ।

थला परेको अर्थतन्त्रलाई पुनः जागृत गर्न अपेक्षित कदम चाल्न नसकेकोमा बजेट आलोचित भयो। अहिले सरकार स्वयं नै वित्त सङ्कटमा परेकाले उसबाट आशा गर्न सकिने अवस्था रहेन। त्यसैले मौद्रिक नीतिले आफ्नो क्षमताले भ्याइञ्जेलसम्म आर्थिक गतिविधिलाई उदारतापूर्वक राहत उपलब्ध गराउन सक्नुपर्दछ। मौद्रिक नीतिले केवल पुराना र परम्परागत उपायका अतिरिक्त निजीक्षेत्रलाई सहयोग पुर्‍याउने नयाँ र रचनात्मक उपाय पनि खोज्नुपर्दछ।

विगत वर्षमा बजारमा तरलतामा निकै ठूलो उतारचढाव हुने गरेको अनुभव छ। त्यसले कर्जा प्रवाह नराम्रोसँग प्रभावित हुने गरेको छ। अतः अबको मौद्रिक नीतिले तरलता र ब्याजदरमा स्थिरता कायम राख्ने कुरामा विशेष जोड दिनुपर्दछ। यति मात्रले पनि निजीक्षेत्रलाई ठूलो सहयोग पुर्‍याउनेछ। यो बजारमा तरलता थुप्रिने बेला हो। आर्थिक वर्षको अन्त्यतिर सरकारले धेरै रकम भुक्तानी दिनुपर्ने हुन्छ। अलिअलि रेमिट्यान्स पनि आइरहेकै छ। आर्थिक वर्षको अन्त्य र वर्षायाम भएकाले बजारमा कर्जाको माग धेरै हुँदैन र छैन पनि, तर सरकारको भुक्तानी र रेमिट्यान्सको पैसा घुम्दै फिर्दै निक्षेपका रूपमा बैङ्क तथा वित्तीय संस्थामा सङ्कलित हुन आउँछ। कर्जाको माग कम हुने तर निक्षेपको बढ्ने प्रवृत्ति हुने भएकाले यो बेला बैङ्कहरूले निक्षेपको ब्याजदर केही बढी दरले र कर्जाको ब्याजदर केही कम दरले घटाउँछन्। निक्षेपको ब्याजदर निक्षेपकर्ताको आम्दानी हो भने बैङ्कहरूको खर्च हो। त्यसैले बैङ्कहरूले खर्च कटौती गर्न निक्षेपको ब्याजदर सकेसम्म कम राख्न खोज्छन्। त्यसमा पनि कर्जाको मागमा मन्दी रहेका बेला निक्षेपको ब्याजदर सकेसम्म कम गर्नु उनीहरूको हितमा हुन्छ तर निक्षेप नै पूरै विकर्षित हुने गरी उनीहरूले निक्षेपको ब्याजदर साह्रै कम गर्न सक्दैनन्।

कर्जा प्रवाहबाट प्राप्त हुने ब्याज बैङ्कहरूको आम्दानीको मुख्य स्रोत हो। त्यसैले कर्जाको ब्याजदर सकेसम्म बढी तोक्ने उनीहरूको अन्तर्निहित प्रवृत्ति हुन्छ तर त्यसो भनेर बैङ्कहरूले मनोमानी ढङ्गले कर्जाको ब्याजदर बढाउन सक्दैनन्। किनभने त्यसो गर्दा त्यस्ता बैङ्कमा कर्जाको माग नै घट्दै जान्छ। त्यसैले निक्षेप आइरहने र कर्जा गइरहने गरी मात्र बैङ्कहरूले निक्षेप र कर्जाको ब्याजदर निर्धारण गर्दछन्। त्यसका अतिरिक्त नेपाल राष्ट्र बैङ्कले बैङ्कहरूले दिने र लिने ब्याजदरबीचको अन्तर (स्प्रेड दर) तोक्ने गरेको छ। त्यस्तो दर अहिले ४.५ प्रतिशत बिन्दु छ। अर्थात् कुनै बैङ्कले निक्षेपको ब्याजदर ८ प्रतिशत तोकेको छ भने कर्जाको ब्याजदर १२.५ प्रतिशतभन्दा बढी तोक्न पाउँदैन। निक्षेपको ब्याजदरलाई सीमावर्ती भारतीय बजारको ब्याजदरले पनि प्रभावित गरिराखेको हुन्छ। निक्षेपको ब्याजदर यताभन्दा उताको बढी छ भने यता हुनुपर्ने निक्षेप सीमापारि जान्छ। त्यसैले पनि नेपालका बैङ्कहरूले निक्षेपको ब्याजदर धेरै कम गर्न सक्दैनन् तर मौद्रिक नीतिले स्प्रेड दर भने क्रमिक रूपमा घटाउँदै लैजानुपर्दछ।

बजारमा धेरै बैङ्क तथा वित्तीय संस्था भएकोले उनीहरूका बीचमा पनि ब्याजदरमा प्रतिस्पर्धा हुन्छ वा हुनुपर्दछ। नेपालमा यति धेरै बैङ्क तथा वित्तीय संस्था खोल्न अनुमति दिइनुको उद्देश्यमध्ये एक उद्देश्य यही नै थियो तर व्यवहारमा त्यस्तो देखिरहेको छैन। बैङ्कहरूको सङ्गठन (नेपाल बैङ्कर्स एसोसिएसन) ले छलफल गरेर आपसी सहमतिमा ब्याजदर निर्धारण गर्ने गरिएको छ, जसलाई अर्थशास्त्रको भाषामा कार्टेलिङ भनिन्छ। बैङ्कहरूबीचको स्वस्थ प्रतिस्पर्धाबाट बैङ्कका ग्राहकहरूलाई लाभ हुन्छ तर कार्टेलिङ गर्दा बैङ्कहरूलाई बढी लाभ हुन्छ। बैङ्कहरूको आफ्नो तर्फबाट थपघट गर्नसक्ने ब्याजदर एक प्रतिशत बिन्दुभन्दा कम छ। यसले गर्दा बजारमा बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या धेरै भए पनि ब्याजदरका सन्दर्भमा उनीहरूबीच स्वाभाविक किसिमको प्रतिस्पर्धा हुन सकिरहेको देखिँदैन। मौद्रिक नीतिले बैङ्कहरूबीच स्वस्थ प्रतिस्पर्धा बढाउन प्रोत्साहित गर्न उचित कदम चाल्नुपर्दछ।

विकासोन्मुख अर्थतन्त्रका निमित्त बैङ्क कर्जाको ब्याजदरले ठूलो महत्व राख्छ। अर्थतन्त्रमा निजीक्षेत्रको वर्चस्व भएका मुलुकमा बैङ्कको कर्जाबाटै लगानी र आर्थिक गतिविधि विस्तार हुन्छ। विकासोन्मुख अर्थतन्त्रमा यस्तो लगानी र आर्थिक गतिविधि विस्तार को बढी आवश्यकता र अवसर हुने भएकाले कर्जा प्रवाह प्रोत्साहित हुने किसिमको कर्जाको ब्याजदर हुनुपर्दछ। त्यो भनेको कर्जाको ब्याजदर सकेसम्म कम गर्नु हो। विकसित मुलुकका अर्थतन्त्रमा मन्दी आयो भने मन्दीको स्थितिबाट अर्थतन्त्रलाई माथि उकास्न बैङ्क कर्जाको ब्याजदर घटाउने गरिन्छ। नेपालका सन्दर्भमा त्यसो गर्नु अझ आवश्यक हुन्छ तर त्यसो हुन सकिरहेको छैन। त्यसले गर्दा पनि नेपालको अर्थतन्त्र महँगो (हाई कस्ट) मात्र भइरहेको छैन गतिशील पनि हुन सकिरहेको छैन। अतः अबको मौद्रिक नीतिले यसतर्फ पनि विशेष ध्यान पुर्‍याउनुपर्दछ।

सस्तो बैङ्क कर्जाबाट कर्जाको दुरूपयोग हुने र मूल्य बढ्ने पनि सम्भावना हुन्छ। बैङ्कहरूको सुपरिवेक्षण, निरीक्षण र अनुगमनलाई चुस्त बनाउने र दुरूपयोग गर्नेलाई कडा कारबाहीको व्यवस्था गरी कर्जा दुरूपयोगलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। आपूर्ति व्यवस्थालाई हरबखत चुस्त राख्न सक्ने हो भने मूल्यवृद्धिलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। भारतसँगको खुला सिमानाका कारण नेपालमा मूल्यवृद्धि आफ्नै उत्पादनभन्दा भारतबाट आयातित हुने गरेको छ तर दुरूपयोग र मूल्य बढ्छ भनेर कर्जाको ब्याजदर उच्च पारी अर्थतन्त्रको विस्तारको सम्भावना (पोटेन्सियल) लाई खुम्च्याउनु हुँदैन।

माथि उल्लेख गरिए बमोजिम यो बेला बैङ्कहरूमा तरलता थुप्रिने तर कर्जा माग नहुने भएकाले गत चैतमा घटाइएका अनिवार्य नगद मौज्दात र बैङ्कदर पछि बजारमा तरलताको अभाव भई ब्याजदर बढ्न थालेको अवस्थामा पुनः घटाउने गरी अहिले पहिलेकै स्तरमा फर्काउनुपर्दछ। केन्द्रीय बैङ्कका यी महत्वपूर्ण मौद्रिक उपकरणलाई भुत्ते बनाएर राख्नुहुँदैन। कोभिड १९ का कारण अहिले धेरै मानिस गाउँ फर्की कृषिकार्यमा लागेका छन्। कृषिक्षेत्र यो सङ्कटको समयमा खाद्यान्न तथा अन्य खाद्यवस्तु उत्पादन गर्न र स्वरोजगारी दिने प्रमुख क्षेत्र भएको छ। त्यसैले मौद्रिक नीतिले त्यस्ता परिवारलाई सहज तरिकाले सस्तोमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ। शीतगृह र अन्य गोदाम निर्माण, ढुवानी सेवा, दूध उत्पादन, कुखुरापालन, तरकारी र फलफूलखेती र माछापालन व्यवसाय पनि बन्दाबन्दीका कारण ठूलो मर्कामा छन्। तिनले उत्पादन गरेका उपजहरू बजारमा ल्याउन नपाएर उनीहरूलाई ठूलो वित्तीय घाटा लागेको छ। उनीहरूको उत्साह मर्न नदिन मौद्रिक नीतिले सस्तो र सहज कर्जामार्फत सम्बोधन गर्नुपर्दछ। यो वर्षको मौद्रिक नीतिको अर्द्ध–वार्षिक समीक्षामा उद्योगहरूको क्षमता उपयोग घटेको उल्लेख गरिएको छ। उत्पादन (आम्दानी) नहुने तर ह्रासकट्टी गर्नुपर्ने हुँदा त्यस्ता उद्योगलाई पनि मर्का परिरहेको छ। त्यसैले क्षमता उपयोग बढेको अनुपातसँग आबद्ध गरी केही राहत दिनु उपयुक्त हुनेछ।

साभार : गोरखापत्र अनलाइन


## अर्गानिक वातावरण बनाऔं

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराउँ ।
- सबैभन्दा ठूलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्वरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्वरा शक्ति घटाउने कुरा बुझि राखौं ।

कृषि विकास कार्यालय दुनै, डोल्पा

दल भित्रका . . ........

तबाट २ लाख ८८ हजार ८ सय ६४ जना र विभिन्न अन्य मुलुकहरुबाट २३ हजार २ सय ५४ जना नेपालीहरु स्वदेश फर्किनु भएको छ ।

यही असार २५ गतेसम्मको प्रदेश अनुसारको स्थिति हेर्दा सबैभन्दा बढी संक्रमित संख्या प्रदेश नं २ मा रहेको छ । त्यसपछि क्रमशः प्रदेश नं ५, सुदूर पश्चिम प्रदेश, कर्णाली प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं १ र वागमती प्रदेश रहेका छन् । हाम्रा प्रयासले कोरोना संक्रमणको अवस्था नियन्त्रणमा आउने क्रममा यो स्थितिमा परिवर्तन पनि आएको छ ।

लकडाउनलाई केही खुकुलो पारेसँगै संक्रमणको धेरै जोखिम राजधानी उपत्यकातर्फ बढिरहेको छ । गत असार ९ देखि २४ गतेका बीच मात्रै उपत्यकामा संक्रमितहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ । ९गते सिंगो उपत्यकामा ६३ जना संक्रमित रहेकोमा २४ गते यसको कुल संख्या२३३ पुग्यो । यसले संकेत गरिरहेको छ, राजधानी उपत्यकामा यो महामारी क्रमशः तर तीव्र रुपमा बढ्दै जाँदैछ । यो संक्रमण समुदायमा फैलिन गए भयावह अवस्था सिर्जना समेत हुनसक्छ । तसर्थः हामी सबैमा थप गंभीरता, अनुशासन र सचेतनता आवश्यक रहेको छ ।

राजधानी उपत्यकालाई महामारीबाट जोगाउन स्वास्थ्य मन्त्रालय र चिकित्सक/स्वास्थ्यकर्मीहरुबाट सुझाइएको सुरक्षित रहने उपाय कुनैपनि हालतमा अपनाउनु पर्दछ । छोटकरीमा एस-एम-एस भनिएको- सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने र समय-समयमा हात धुने कामको लागि म सबैकोविशेषध्यानाकर्षण गराउन चाहन्छु ।

दिदीबहिनी तथा दाजुभाइहरु, अहिले कतिपय राजनीतिक विषय र सन्दर्भहरुप्रति जनताको ध्यान अवश्य तानिएको हुनुपर्दछ । त्यसकिसिमको चासोर जिज्ञासा हुनु स्वभाविकै हो। महामारी र प्राकृतिक विपत्तीको समयमा पनि राजनीतिक बहस किन भन्ने प्रश्नहरु पनि उठ्नु अन्यथा होइन । जुनसुकै राजनीतिक दलभित्र हुने बहस र विवाद आन्तरिक हुन् । त्यसलाई निष्कर्षमा पुऱ्याउने दायित्व सम्बन्धित राजनीतिक दल र नेताहरुकै हो । पार्टीभित्र हुने यस्ता छलफल, बहस र विमतिहरु तिनका नितान्त आन्तरिक र कतिपय अवस्थामा नियमित प्रक्रिया पनि हुन ।यस्ता विषयहरु सम्बन्धित दल र तिनका नेताहरुले आपसी छलफलबाटै सुल्झाउने छन् । यसका लागि धैर्यता र संयम आवश्यक हुन्छ ।

अहिले चर्चामा रहेका राजनीतिक परिदृश्यका कारण कतिपयमा राजनीतिक स्थिरता, स्थायित्व र स्थापित प्रणालीप्रति चिन्ता र संवेदनशीलता बढेको पनि हुनसक्छ । म आश्वस्त पार्न चाहन्छु, आम नेपालीहरुका बीच आपसी एकता बढाउन, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न, राष्ट्रिय स्वाभिमान उचो बनाउन, देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डता अक्षुण्ण राख्न मेरो तर्फबाट दृढ अडान र हदैसम्मको प्रयास हुनेछ । यतिबेला आन्तरिक विमति वा समस्यामा अल्झिएर जनताको जीवन रक्षाको दायित्वबाट विमुख बन्न कसैले पनि मिल्दैन ।मैले पहिले पनि भनेको छु, रोग र भोकबाट देशबासीलाई जोगाउने दायित्वबाट सरकार कुनै हालतमा पनि पछि हट्दैन । त्यसैले मेरो र मैले नेतृत्व गरेको सरकारको सारा ध्यान र संम्पूर्ण प्रयाश महामारी र विपत्तिमा परेका नागरिकको जिउधनको रक्षामा केन्द्रित छ । धन्यवाद ।

# कोभिड-१९ र स्वरोजगार महिलाको पीडा

- विष्णु थापा

कोभिड-१९ को विश्वव्यापी महामारीबाट विश्व नै आक्रान्त भएको अवस्थामा नेपालमा महिनौंको लकडाउनका कारण देशको आर्थिक सामाजिक अवस्था अस्तव्यस्त बन्दै गएको छ । आर्थिक अभावका कारण दैनिक छाक टार्न समेत नसकिरहेको अवस्थामा योबीचमा हजारौं नागरिकहरुले आत्महत्या गरेको घटना बाहिर आएका छन् । नेपाल प्रहरीको तथ्यांक अनुसार लकडाउनकै अवधिमा करिब १ हजार ५ सय जनाले आत्महत्या गरेका छन् । यसरी आत्महत्या गर्नुको पछाडि आर्थिक अभाव नै प्रमुख कारण भएको पाइएको छ ।

सो अवधिमा आत्महत्या गर्नेमध्ये करिब ५ सय महिला र १ सय ७ जना बालिका रहेको प्रहरीको तथ्यांक छ । उनीहरुको पनि आत्महत्याको प्रमुख कारण आर्थिक अभाव नै हो । तर, तर त्यसमा अन्य सामाजिक कारणहरुले समेत बढी जिम्मेवार हुने गरेको पाइएको छ । केही समयअघि रुपन्देहीमा भएको दलित बालिकाको आत्महत्या प्रकरणले सामाजिक हिंसा विद्रुप दृष्य देखाएको थियो । रौतटहमा दाइजो नल्याएको नाममा आफ्नै श्रीमानबाट हत्या भएको घटना पनि सामाजिक विचलनको एउटा नमुना गर्छ । कैलालीमा भएको सामूहिक बलात्कार प्रकरण लगायतका घटनाहरु हेर्दा विशुद्ध आपराधिक घटनाजस्तो लाग्छ तर यी घटनाको पृष्ठभूमि महिलाको सशक्तिकरण तथा स्रोत र साधनमाथि उनीहरुको पुहँचको विषयसँग जोडिएका हुन्छन् ।

ठूला घटना मात्रै होइन । नेपाल प्रहरीको रिपोर्ट अनुसार लकडाउन सुरु भएपछि असार ६ गतेसम्म मात्रै महिला हिंसाका साढे ७ सय घटना दर्ता भएका छन् । त्यसमा धेरैजसो घरेलु हिंसा छन् भने केही सामाजिक हिंसाका घटनाह पनि छन् । तर, यी घटनाहरुमध्ये धेरैको पछाडि आर्थिक कारण नै प्रमुख हेको पाइएको छ । अर्थात् आर्थिक अवस्था कमजोर हुनु, महिलाहरुले आर्थिक उपार्जनमा नलागेर पुरुषमै आश्रित हुनु, समाजको आर्थिक अवस्थाभन्दा कमजोर आर्थिक अवस्था हुनु जस्ता कारणले उनीहरुमाथिको हिंसाले पश्रय पाइरहेको देखिन्छ ।

देशमा जबजब राष्ट्रिय संकटहरु आइलाग्छन् । रोजगारदाताले रोजगारीको कटौती सुरु गर्छन् । रोजगारी कटौतीको त्यस्तो सूचीमा पुरुष भन्दा महिलाको नाम नै अगाडि आउँछ । तर, रोजगारीका नयाँ अवसरमा महिलाको ठाउँ भने अलि पछि मात्रै आउँछ ।

देशमा जबजब राष्ट्रिय संकटहरु आइलाग्छन् । रोजगारदाताले रोजगारीको कटौती सुरु गर्छन् । रोजगारी कटौतीको त्यस्तो सूचीमा पुरुष भन्दा महिलाको नाम नै अगाडि आउँछ । तर, रोजगारीका नयाँ अवसरमा महिलाको ठाउँ भने अलि पछि मात्रै आउँछ । यसका विभिन्न कारणहरु हुन सक्छन् । हाम्रो सामाजिक मूल्य र मान्यताको कारणले महिलाहरुलाई भनेको ठाउँ, भनेको समय र परिवेशमा घुलमिल हुन गाह्रो पनि हुन्छ । त्यसमाथि नयाँ काममा हुनसक्ने विभिन्न हिंसाजन्य जोखिमको कारणले उनीहरुलाई नयाँ रोजगारी सुरु गर्नुअघि निकै सोचविचार गर्नुपर्ने अवस्था छ । अनौपचारिक क्षेत्रमा श्रम गर्ने महिलाहरुको अवस्था पनि उस्तै हो । संकटको समयमा अनौपचारिक क्षेत्रमा पनि महिलाले नै छिटो रोजगारी गुमाउँछन् । तर उनीहरुले पनि तत्कालै अर्को रोजगारी प्राप्त गर्न सक्दैनन् । त्यसो त, एउटै क्षेत्रमा काम गर्ने महिलाको पारिश्रमिक पुरुषहरुको तुलनामा निकै कम भएको पाइएको छ । नेपालमा पुरुष र महिलाको ज्यालादर सामान्य अवस्थामा १६ प्रतिशतले फरक भएको तथ्यांक छ । विश्वका अन्य मुलुकहरुमा यो दर ३५ प्रतिशतसम्म रहेको देखिन्छ ।

रोजगारी पाउन कठिन हुने र पाए पनि आम्दानी कम हुने अवस्थाका बीच महिलाहरुको पारिवारिक दायित्व भने पुरुषहरुको भन्दा कम हुँदैन । दैनिक खर्च चलाउनदेखि आफ्नो र परिवारको भविष्यका लागि सोच्नुपर्ने बाध्यता उनीहरुलाई समेत हुन्छ । यस्तो अवस्थामा रोजगारी गुमाएका महिलाहरु मानसिक समस्याबाट बढी पीडित हुन्छन् । आम्दानी हुन छाडेपछि घरझगडा र कलह समेत बढ्दै जान्छ । अन्ततः यसले घरेलु हिंसाको रुपम लिन थाल्छ । लकडाउनपछि घरेलु हिंसा बढ्नुको प्रमुख कारण यो पनि हो ।

त्यसो भए के गर्ने त ? आयआर्जन हुने स्वरोजगारीको क्षेत्रको प्रबर्द्धन गर्नु यसको सबैभन्दा उत्कृष्ट विकल्प हो । यसो हुँदा महिलाहरुले आफूलाई कामको अनुसार होइन कामलाई आफ्नो अनुकुलमा चलाएर आफ्नो आर्थिक उपार्जनको मार्ग तय गर्न सक्छन् । केन्द्रीय तथ्यांक विभागका अनुसार नेपालमा श्रम गर्ने ९० प्रतिशत भन्दा बढी महिला अनौपचारिक क्षेत्रमा छन् । तीमध्ये धेरैजसो महिलाहरु आयआर्जन नहुने घरायसी श्रममा मात्रै आवद्ध छन् । तथ्यांक अनुसार घरायसी कामहरु पुरुषले भन्दा महिलाले ३ गुणा बढी गर्छन् । तर, यस्तो कामको कुनै पारिश्रमिक हुँदैन ।

आयआर्जन हुने स्वरोजगारीको क्षेत्रको प्रबर्द्धन गर्नु यसको सबैभन्दा उत्कृष्ट विकल्प हो । यसो हुँदा महिलाहरुले आफूलाई कामको अनुसार होइन कामलाई आफ्नो अनुकुलमा चलाएर आफ्नो आर्थिक उपार्जनको मार्ग तय गर्न सक्छन् ।

## अत्यन्त जरुरी सूचना ।।।

विश्वमा महामारिका रुपमा फैलिएको कोरोनाका कारण बालबालिकाहरुको पठनपाठनमा निकै प्रभाव पारेको छ । पठनपाठनलाई निरन्तरता दिनका लागि र आफ्ना बालबालिकाहरु कुबाटो नलागुन भनेर सबै सचेत भै बैकल्पिक पढाईका कक्षाहरु भैरहेका छन् खोजेर बालबालिकाहरुलाई घरमै बसी अध्ययन गर्ने बानिको विकास गर्न सहयोग गरौं । सबैले हातेमालो गरौं, शिक्षाको खाडल पुर्ति गरौं ।

- सामाजिक विकास कार्यालय दुनै, डोल्पा

# दुष्प्रचारको अभियानमा छिमेकका प्रसारण

- ध्रुवहरि अधिकारी

विदेशी टेलिभिजन माध्यमका प्रसारणहरू नेपालमा वितरण गने सेवाप्रदायकहरूले भारतका केही समाचार च्यानलको प्रसारण तत्काल रोकिदिएका छन्। हालैका महिना र साताहरूमा यी भारतीय च्यानलले लगातारजसो नेपालको राष्ट्रिय सम्मानमा आँच आउने, अन्तर्राष्ट्रिय छवि धमिलिने र यहाँका सरकारप्रमुखको मर्यादामा आँच पुग्ने गरी काल्पनिक एवं अपुष्ट कुरालाई समाचारको आवरणमा प्रसारप्रचार गरिरहेका थिए। यस्ता पूर्वाग्रही सामग्रीले नेपालका दर्शकहरू वाक्क मात्र हैन आक्रोशितसमेत भसकेको महसुस गरेर वितरकहरूको निर्णय आएको बुझिन्छ। तर सरकारी भनिने 'दूरदर्शन'का समाचार च्यानल रोकिनेमा परेका छैनन्। र, भारतकै मनोरञ्जनका च्यानलमा पनि असर पारिएको छैन। बेलाइतको बीबीसी, अमेरिकाको सीएनएन्, चीनको सीजीटीएन् समेतका विदेशी च्यानलको प्रसारण पनि रोकिएको छैन। अर्थात् समाचारका स्रोत बन्द भए भनेर शिकायत गर्नुपने अवस्था बिलकुलै छैन। इन्टरनेटको सूचनाप्रविधिले उपलब्ध गराएका विकल्पहरू त छँदैछन्।

तथ्य कि कथ्य ?

हाल नेपालमा वितरण गर्न रोक लागेका भारतीय समाचार च्यानलहरूको नेपालबारेका प्रस्तुति तथ्यमा भन्दा कथ्यमा आधारित हुने गरेका छन्। काल्पनिक कुरा अघि सार्ने र त्यसलाई पनि बढाइचढाइँ गरेर फलाक्ने अनि नेपालप्रति हेयभाव बुझाउने शब्दशैली प्रयोग गर्ने चलन चलेको देखिन्छ। अनि, प्रसारकको जिम्मेवारी पाएका धेरैजसो नरनारीमा विनयीपनभन्दा घमण्डीपन बढी हुने गरेको पाइन्छ। उदाहरण हुनसक्छन् 'जी न्यूज'का सुधीर चौधरी जसले नेपालमा आफ्नो प्रसारण बहिष्कारमा परेको कुरा थाहा पाएपछि बिहीवार (२५ असार) ट्वीटरमा लेखे- हामीजस्ता एङ्करबाटै नेपाल डरायो, सेना त पठाउनै नपने भयो'। आश्चर्य लाग्छ यिनको सोच र प्रस्तुतिको तल्लो स्तर देख्दा। तर के गर्ने, यिनै चौधरी प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहलगायत सत्ताधारी नेताका प्रियपात्र पत्रकार छन्, भनौँ यस्तो छु भनेर दावी गर्छन्। प्रश्न उठ्छः के यी चौधरी र यिनैसरहको हैसियत झल्काउने प्रसारकहरूले नेपालबारे सुनाउने अनर्गल, निराधार र द्वेषयुक्त कुराहरू आफूखुसी बटुल्छन् कि कतैको इसारा, निर्देशन वा प्रोत्साहनमा जनसमक्ष ल्याउँछन्? तिनका लगातारका अभ्यास हेर्दा तिनले प्रवाह गर्ने सूचना, जानकारी र विश्लेषणका स्रोत सरकारकै मन्त्रालय र गुप्तचर निकाय हुनुपर्छ भन्ने निष्कर्ष निस्कन्छ। सत्ताधारी भारतीय जनता पार्टी (बीजेपी) निकट भएका सञ्चारकर्मीहरू आफू पेशागत हिसाबबाट वस्तुनिष्ठ हुनु नपर्ने कित्तामा परेझैँ गर्छन्। विश्वभर प्रचलनमा रहेका पत्रकारका आचारसंहिताबारे तिनीहरू बेखबर देखिन्छन्। समाचारको सन्तुलनसम्बन्धी मान्यताबारे तिनलाई परवाह छैन। कदाचित् हुन्थ्यो भने छिमेकको मित्रराष्ट्रबारे संवेदनशील विषय उठाउँदा दिल्लीस्थित नेपालका राजदूतको प्रतिक्रिया लिएर समाचार प्रवाह गरिन्थ्यो। यस्ता मामिलामा तिनको ध्यान छैन, पटक्कै रहँदैन।

जहाँ जनसाधारणको सूचनाको हक प्रचलन गराउने सञ्चारमाध्यमलाई पहिले नै तय गरिएको कार्यसूची (एजेन्डा) कार्यान्वयनमा प्रयोग गरिन्छ त्यहाँ सही सूचना र समाचार प्रस्तुत हुने कुरै आएन। जगजाहेर छ, यस बखत दिल्लीका शासक-प्रशासकको एकसूत्रीय एजेन्डा छः नेपालले चीनलाई बढी महत्व दिन लागेको हुनाले त्यसो गर्ने, गराउने सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री खड्गप्रसाद ओलीलाई अपदस्थ गराइदिने। भरपर्दा स्रोतबाट आएका सूचनाकै आधारमा प्रधानमन्त्री ओलीको यस्तो कथन आएको हुनुपर्छ। किनभने कोरोना विषाणुको कारण पहिले नै चीनसँग सशङ्कित रहेको भारत सीमाक्षेत्रका नवीनतम मुठभेडपछि आक्रोशित भइसकेको थियो। त्यसै मेसोमा नेपालले कालापानी क्षेत्रलाई समेटेर नयाँ नक्सा जारी गरेको विषयलाई समेत चीनको उक्साहटमा नेपालले जोरी खोजेको भन्ने दिल्लीले ठान्यो। स्थलसेनाका प्रमुख नरावणेको आरोपयुक्त भनाइ सबैले सुनेकै हो। खासमा नेपालको भूमि मिचिएको विषय नेपाल आफैँले उठाउँछ। भएको पनि त्यही हो। कालापानीक्षेत्रमा 'सुल्झिन बाँकी सीमा समस्या छन्' भनेर भारतकै विदेश मन्त्रालयले पटकपटक स्वीकार गरेकै तथ्य हो।

उल्टो चाल

कुरो घुमिफिरी चीनसितको भारतको असहज सम्बन्धमै केन्द्रित हुने गर्छ। चीनसँग भारतको एकातिर व्यापार छ अर्कोतिर सीमाविवाद। तर भारतको सीमाविवाद छ भन्दैमा नेपालले अकारण चीनसँग सम्बन्ध बिगार्न सक्तैन। साँध जोडिएको अर्को बलियो छिमेकीसँग एकाएक वैमनस्य मोल्दा नेपाल आफैँ असुरक्षित हुन पुग्छ। यतिसम्मको समझदारी दिल्लीले राख्नुपर्ने हो। राखेको छैन। उल्टो चाल छ। २०४४-४५ सालमा चीनबाट सैनिक सामग्री झिकाएको बेला पनि दिल्लीका सञ्चारमाध्यमको स्वर अहिलेकै जस्तो चर्को भएको थियो। तर पछि अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले दिल्ली भ्रमणमा छँदा कुरो स्पष्ट गरिदिनुभयोः नेपालले किन्न चाहेको हातहतियार भारतमा महँगो पर्ने रहेछ, त्यसैले किफायतमा चीनबाट लिइएछ।

नेपालप्रति अपमान जनाउने ध्येयले भारतका सञ्चारमाध्यमले २०३२-३३ सालतिर पनि दुष्प्रचार अभियान (डिस्इन्फर्मेसन क्याम्पेन) चलाएका थिए। त्यसको प्रतिवाद उतिखेरका प्रधानमन्त्री डा. तुलसी गिरीले पत्रकार सम्मेलनमार्फत कडा शब्दमा गरेको अभिलेखले बताउँछ। भारतको विदेश मन्त्रालयले त्यसउपर प्रतिक्रिया जनाउने क्रममा भारतको प्रेस पूर्णरूपेण स्वतन्त्र रहेको दाबी गरेको थियो। यथार्थचाहिँ के थियो भने त्यसबखत भारत सङ्कटकालीन शासनमा परेको थियो र प्रेस स्वतन्त्रता कुण्ठित अवस्थामा थियो। निजीक्षेत्रमा अखबार थिए तर रेडियो र टेलिभिजन सरकारी क्षेत्रमा थिए। नेपाललक्ष्यित ती भारतीय प्रचार-सामग्रीका स्रोतबारे भ्रम रहेको भए सायद डा. गिरीको प्रस्तुति खरो हुने थिएन।

दुष्प्रभाव र दबाब

माथि सुधीर चौधरीको चर्चा गरियो। उस्तै हैसियतका हुन् राजदीप सारदेसाई जो 'इन्डिया टुडे' मा देखिन्छन्। २५ असारकै दिन यिनले पनि नेपालमा केही भारतीय च्यानल बहिष्कार भएको सम्बन्धमा ट्वीट लेखेका छन्। भन्छन् : नेपालविरोधी प्रचार...हो। कसै-कसैले गरेका होलान्, धेरै नबोलौँ'। सके उनी चौधरीको कित्तामा पर्दैनन्। वास्तवमा, सारदेसाईले केही वर्षअघि प्रकाशित एक आलेखमा समाचारमाध्यममा अख्तियारवालाहरूबाट पर्ने दुष्प्रभावको विवेचना गरेका छन्। उनको लेखाइ पढ्नेले के कुरो सहजै बुझ्छ भने लोकतान्त्रिक भारतको प्रेसले संविधानतः स्वतन्त्र हुँदाहुँदै पनि व्यावहारिक रूपमा त्यसको पूर्ण उपयोग गर्न पाइरहेको स्थिति छैन। सरकारी निकायहरूले प्रेस प्रतिनिधिहरूलाई कसरी वशीभूत पार्छन् र समाचार बङ्ग्याउन लगाउँछन् त्यसको चर्चा गर्ने सन्दर्भमा यिनले रक्षा मन्त्रालय र विदेश मन्त्रालयको उल्लेख गरेका छन्।

जस्तो, प्रधानमन्त्रीको चीन भ्रमण (सन् २००३) सफल भयो भन्ने विदेश मन्त्रालयलाई लाग्यो भने प्रेसले (खास गरेर भ्रमणदलमा सामेल पत्रकारले) आँखा चिम्लेर सफल भयो भनिदिनुपर्ने, लेखिदिनुपर्ने। समीक्षा गर्दै जाँदा तिब्बतको मामिलामा भारतीय पक्षबाट 'सम्झौता' (कम्प्रोमाइज) भएको निष्कर्ष आयो भने पनि 'कम्प्रोमाइज' शब्द प्रयोग गर्न नपाइने। राष्ट्रियताको बिल्ला झुण्ड्याउनका लागि चित्त नबुझ्दो कुरा पनि लेख्नैपर्ने, नत्र अराष्ट्रिय भइने। आदि, इत्यादि। 'मेकिङ न्यूज' नामक सन् २००६ प्रकाशित त्यस पुस्तकमा परेको चर्चित आलेखले आकलन गरेको भन्दा भिन्न परिस्थिति आज पनि दिल्लीमा होओइन। प्रवक्ताका ताजा वक्तव्यहरूबारे हामी जानकार नै छौँ। विदेश मन्त्रालयको प्रचारको कार्यशैलीको सानो झलक त हालै 'द राइजिङ नेपाल' का साबिक सम्पादक पी. खरेलको ताजा स्तम्भ (२२ असार) मा पनि भेटिन्छ। प्रोफेसर खरेलले आफू गोरखापत्र संस्थानको संवाददाता भएर दिल्लीमा कार्यरत छँदा नेपाल सन् १९८९-९० को नाकाबन्दीको सेरोफेरोमा रहेको उल्लेख गर्नुभएको छ। परराष्ट्र सचिवस्तरीय वार्ताको सिलसिला नबसेसम्म नेपाल-भारत सम्बन्ध तनाउमुक्त हुने छाँट छैन। त्यतिन्जेल दिल्लीका कतिपय छापा र टेलिभिजन समाचार केन्द्रहरूले मनगढन्त कथा, उपकथा प्रसारण गरिरहने सम्भावना छ। त्यसो हुँदा नेपालमा ती पूर्वाग्रही च्यानल बहिष्कार, रोक कायमै राख्नुपर्ने होला। तर यो स्थायी हल भने होइन। पत्रकारिताका अनुभवी प्रशिक्षक भानुभक्त आचार्यको फेसबुक पृष्ठमा भर्खरै लेखिएको छ : 'तत्कालका लागि... केही राहत दिए पनि यो समाधान होइन'। आचार्यका केही व्यावहारिक सुझाउ रहेछन् जसलाई सम्बोधन गर्न कूटनीतिक पत्राचारको काम गने सरकारी निकायहरूदेखि लिएर प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घसम्म सक्रिय हुनुपर्ने कुरा औँल्याइएको छ। पीत पत्रकारिता र स्तरहीन प्रस्तुतिबारे ध्यानाकर्षण गर्दा महासङ्घले आफ्नो वक्तव्यलाई नेपाली भाषामा सीमित नगरीकन अङ्ग्रेजी, हिन्दीसमेतका भाषा प्रयोग गरी प्रक्षेपण गर्नु आवश्यक छ भन्ने आचार्यको विचारलाई सामयिक भन्नुपर्छ। त्यस्तै, दुष्प्रचार अभियानमा संलग्न देखिएका भारतीय न्यूज च्यानलका नेपाल प्रतिनिधिहरूलाई परिचयपत्र दिने निकायमा बोलाएर तिनको आग्रह, पूर्वाग्रहका आधारबारे शिष्ट तवरले सोधपुछ गर्नु मनासिब हुन्छ किनभने उताका माध्यम अमर्यादित भए भनेर यताकाले त्यो तहमा ओर्लिने कुरो आउँदैन। साभारः गोरखापत्रअनलाइन

# दलभित्रका विवाद आन्तरिक रुपमै सुल्भिmल्छन्

सुस्केरा समाचारदाता

काठमाडौं, असार - प्रधानमन्त्री केपी शर्मा ओलीले महामारी र प्राकृतिक विपत्तीको समयमा पनि रा जनीतिक बहस किन भन्ने प्रश्नहरु उठ्नु स्वाभाविक भएको बताउनु भएको छ । तर जुनसुकै राजनीतिक दल( भित्र पनि बहस र विवाद हुने भन्दै त्यसलाई निष्कर्षमा पु(याउने दायित्व पनि सम्बन्धित राजनीतिक दल र नेताहरुकै भएको ओलीले शुक्रबार साँझ देशबासीको नाममा गरेको सम्बोधनमा उल्लेख गर्नु भएको छ ।

'पार्टीभित्र हुनेयस्ता छलफल, बहस र विमतिहरु तिनका नितान्त आन्तरिक र कतिपय अवस्थामा नियमित प्रक्रिया पनि हुन् । यस्ता विषयहरु सम्बन्धित दल र तिनका नेताहरुले आपसी छलफलबाटै सुल्झाउने छन् । यसका लागि धैर्यता र संयम आवश्यक हुन्छ', ओलीले भन्नु भएको छ ।

अहिले चर्चामा रहेका राजनीतिक परिदृश्यका कारण कतिपयमा राज(नीतिक स्थिरता, स्थायित्व र स्थापित प्रणालीप्रति चिन्ता र संवेदनशीलता बढेको हुन सक्ने भन्दै ओलीले नेपालीहरुका बीच आपसी एकता बढा(उन, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न, राष्ट्रिय स्वाभिमान उचो बनाउन, देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डता अक्षुण्ण राख्न आफ्नो तर्फबाट दृढ अडान र हदैसम्मको प्रयास हुने ओलीले विश्वास दिलाउनु भएको छ ।

ओलीले केही दिन यता देशका विभिन्न भागमा अविरल बर्षाका कारण आएको बाढी र पहिरोले पुऱ्याएको क्षतिको जानकारीले आफूलाई स्तब्ध र दुःखित तुल्याएको बताउनु भएको छ । यस्तै कोरोना भाइरस रोकथाम र नियन्त्रणमा सरकार निरन्तर लागिरहेको पनि ओलीले बतानु भएको छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सम्बोधनको पूर्णपाठ

२६ असार २०७७

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

आज म यहाँहरुसमक्ष देशका विभिन्न भागमा आएको बाढी, पहिरो र प्राकृतिक विपत्तीमा परेका जनसमुदायको धनजनको क्षतिको पीडाका साथ उपस्थित भएको छु । केही दिन यता देशका विभिन्न भागमा अविरल बर्षाका कारण आएको बाढी र पहिरोलेपुऱ्याएको क्षतिको जानकारीले मलाई स्तब्ध र दुःखित तुल्याएको छ ।

गत जेठ ३१ देखि असार २६ गतेसम्म देशका ११ जिल्ला बाढी/पहिरोबाट प्रभावित भएका छन् । हालसम्म पर्वत, बझाङ, गुल्मी, लमजुङ, कास्की, रुकुम पश्चिम, जाजरकोट र दोलखा गरी आठ जिल्लामा पहिरोले क्षति पुऱ्याएको छ । सिन्धुपाल्चोक, तनहुँ र स्याग्दी तीन जिल्लाले भीषण बाढी र पहिरोका कारण क्षति व्यहोर्नु परेको छ । यस क्रममा ३५ जनाले ज्यानै गुमाउनु परेको छ, ३२ जना घाइते भएका छन् र ३४ जना अझै बेपत्ता छन् । एक सय घर क्षतिग्रस्त बनेका छन्, ३०१ परिवार विस्थापित हुनुपरेको छ । सरकारले बाढी तथा पहिरोबाट प्रभावितहरुको उद्दारमा आवश्यक सुरक्षाकर्मीहरु परिचालित गरिसकेको छ । संघीय, प्रदेश र जिल्लास्थित विपद् समितिबाट राहत प्रदान गरिएको छ र प्रभावितहरुलाई जोखिममुक्त स्थानमा स्थानान्तरण गर्नेसमेत व्यवस्था मिल(ाइएको छ ।

यस्ता विपत्तीहरूबाट सुरक्षित हुन सरकारले उद्दार, राहत र पुनर्स्थापनाका कार्यहरू मात्र होइन, विपत्तीमा पर्नै नपरोस् भनेर असुरक्षित बसोबासका स्थानहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा विपद् न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने जस्ता अनेकौं दूरगामी महत्वका कार्यक्रमहरू पनि सँगसँगै संचालन गरिरहेको छ ।

बाढी पहिरोको यस प्राकृतिक विपद्का कारण झण्डै तीन दर्जन नेपाली दाजुभाइ दिदीबहिनीहरुको असमयमै जीवन गुमेकोमा गहिरो दुःख व्यक्त गर्दछु । घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै पीडितपरिवार जनहरुमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु ।

दाजुभाइ तथा दिदीबहिनीहरु,

बाढी पहिरो, भूक्षय, आगजनी, चट्याङ, भूकम्प जस्ता विभिन्न खालका प्राकृतिक विपत्तीको नेपाल सँधै उच्च जोखिममा रहेको छ । हरेक बर्ष गर्मी याममा हामीले आगजनीको समस्या भोग्नु परेको हुन्छ र बर्षात् सँगसँगै बाढी पहिरोका कारणले क्षति व्यहोर्नु परेको हुन्छ । विपद्मा परेर घरवार गुमाउने र जिउधनको क्षति व्यहोर्नुपर्ने समस्या हामी नेपालीको नियतीजस्तै बन्ने गरेको छ । यस क्रममा सरकारले तत्काल उद्दार कार्यमा कुनै कसर नराखी सम्पूर्ण सामर्थ्यका साथ ध्यान दिदैं आएको छ । जोखिम मोलेर सेना, प्रहरी, कर्मचारीतथा सिंगो सरकारी संयन्त्र र सम्बद्ध निकायहरु बाढी पहिरो शुरु भएदेखि नै तत्परताका साथ उद्दार र सहयोग कार्यमा जुट्दै आएका छन । नेपालका जुनसुकै भूभागमा आइपर्ने यस्ता संकट र समस्यामा सरकार आफ्ना नागरिकको साथमा रहँदै आएको छ ।

यतिबेला मेरो ध्यान आम नागरिकको जीवनरक्षामा केन्द्रित रहेको छ । हामीले महामारी र प्राकृतिक विपत्तिप्रति खेलवाड गरेर महाविपत्ति निम्त्याउन किमार्थ पनि मिल्दैन । तसर्थः जहाँ विपद् र विपत्ति आइलागेको छ, त्यहाँ सरकारका तिनवटै तह, जनप्रतिनिधिहरु, राजनीतिक नेता, कार्यकर्ताहरु एकजुट भएर संभव सबै प्रकारका उद्दार, सहयोग र तत्काल उपचारको कामलाई प्रभावकारी रुपमा अघि बढाइहाल्नु पर्दछ । म यहाँहरु सबैलाई सम्बन्धित स्थानमा उद्दार कार्यमा जुट्न र आफ्ना दाजुभाइ दिदीबहिनीहरुको सहयोगमा केन्द्रीत हुन विशेष आह्वान गर्न चाहन्छु ।

यस्तो प्राकृतिक विपत्तिप्रति सजग रहँदै अत्यावश्यक उद्दार, सहयोग र उपचारमा ध्यान दिइरहेको बेला हामी विश्वव्यापी कोरोना महामारीको नियन्त्रण, उपचार र रोकथामको लामो प्रयाशमा रहेको तथ्यलाईपनि भुल्नुहुँदैन । विश्वका विभिन्न मुलुकहरुमाझैं हामीकहाँ पनि कोरोना महामारीको संकट हटिसकेको छैन । कोरोनाको रोकथाम, नियन्त्रण र उपचारमा करिब चार महिनादेखि हामी सम्पूर्ण रुपमा केन्द्रित रहेका छौं । र, कोरोनाको असर एवं त्यसबाट अर्थतन्त्रमा आइपरेको प्रभावलाई व्यवस्थापन र पुनरुत्थानमा लागिपरेका छौं ।

असार २६ गतेसम्म १६ हजार ६ सय ४९ जना नेपालीहरु कोरोनाबाट संक्रमित भइसकेका छन् । संक्रमित मध्ये हालसम्म ज्यान गुमाउनेहरुको संख्या ३५ रहेको छ, जुन कूल संक्रमितहरुको ०.२१ प्रतिशत हो । उमेर समूहका हिसाबले २१ बर्षमाथि र ४० बर्षमुनिका संक्रमितहरुको संख्या ६० प्रतिशतभन्दा बढी रहेकोछ । यसबाट स्पष्ट हुन्छ, संक्रमितहरु मध्येको ठूलो संख्या सक्रिय र कामकाजी उमेर समूहको छ । कूल संक्रमितको ४८.१ प्रतिशत अर्थात् ८ हजार ११ जना निको भएर घर फर्किसक्नु भएको छ । अझै कूल संक्रमितको ५१.९ प्रतिशत उपचारकै क्रममा हुनुहुन्छ । र, २३ हजार ९ सय १० जना क्वारिन्टिनमा हुनुहुन्छ ।

दाजुभाइ तथा दिदीबहिनीहरु,

हामीले शुरुदेखि नै संक्रमितहरुको पीसीआर परीक्षणमा जोड दिदैं आएका छौं, र यसलाई कूल जनसंख्याको २ प्रतिशत पुऱ्याउने लक्ष्य राखेका थियौं । हाम्रो यो प्रयास जारी छ र हालसम्म २ लाख ७५ हजार ९ सय ५१ जना संक्रमितहरुको पीसीआर परीक्षण गरिएको छ । यो संख्या प्रतिदश लाख जनसंख्यामा ९ हजार ३ सय ७७ हो । कोरोना रोकथाम कार्यमा १ लाख १० हजार ४ सय ६२ जना सुरक्षकर्मीहरुलाई परिचालन गरिएको छ । सुरक्षाकर्मीसँगै उपलब्ध संख्यामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य जनशक्ति अग्रिम मोर्चाका 'सिपाही'का रुपमा उपचार कार्यमा अहोरात्र खटिर हनु भएको छ । वास्तवमा यही जन(शक्तिको बलमा हामीले कोरोनालाई परास्त गर्दै अघि बढ्न सकिरहेका छौं । लकडाउनको यस अवधिमा भार

....... .. .पेज नं. ६ मा

## स्वास्थ्यका लागि जरुरी सूचना

कोभिड १९ को रोकथामका लागि निम्न उपाय अपऔं

१. कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,

२. अनावश्यकरुपमा घर वाहिर र भिडभाडमा नजाने,

३. खोक्दा र हाछ्यु गर्दा नाक र मुख कुहिनाले छाप्ने,

४. कुनै पनि व्यक्तिसँग २ मिटरको दुरी कायम गरौं,

५. जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बसौं,

६. सकेसम्म पशुजन्य मासु नखाने,

७. ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,

८.कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा पाएमा जिल्ला प्रशासन कार्यालय तथा प्रहरीलाई खबर गर्ने गर्न सबैमा हार्दीक अनुरोध छ ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा